मितिः २०८१/०९/१६

## व्यावसायिक सामाजिक जिम्मेवारी (CSR) सम्बन्धी विवरण पेश गर्ने सम्बन्धी सूचना

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५४ बमोजिम मझौला, ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रूपैयाभन्दा बढी कारोबार हुने घरेलु तथा साना उद्योगले वार्षिक रुपमा व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) वहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षमा सम्पन्न गरेको कार्यक्रम र त्यस्तो कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नुपर्ने कानूनी प्रावधान विदितै छ। सो सम्बन्धमा यस विभागमा दर्ता रहेका र हालसम्म विवरण पेश गर्न बाँकी उल्लेखित वर्गभित्र रहेका उद्योगहरुले तोकिएको समयभित्र अनिवार्य रुपमा विवरण पेश गर्नुहुन अनुरोध छ। साथै तोकिएको विवरण पेश नगरेमा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४३ को उपदफा (७) बमोजिम हुने व्यहोरा सूचित गरिन्छ।

उद्योग विभाग